नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
( ........................................................ शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पो.ब. नं. – ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्या : -
चलानी नं. : -

# प्रेस विज्ञप्ति

(२०८०।१०।१०)

हिउँ चितुवा नेपालको पूर्व कञ्चनजंघा देखि पश्चिम अपि नम्पा संरक्षण क्षेत्र सम्म मुख्यगरी हिमाली क्षेत्रमा पाईन्छ । नेपाल लगायत मध्य तथा दक्षिण एसियाका १२ वटा देशहरुमा पाईने हिउँ चितुवा स्वास्थ्य पारिस्थितिकीय प्रणालीको सूचक एवं प्राकृतिक खाद्य श्रृखलाको उच्च तहमा रहेको प्रजाति हो । विश्वमा ५०० मिटर देखि ५८०० मिटरको उचाईमा र नेपालमा हिउँ चितुवा २००० मिटर देखि ६००० मिटर सम्मको उचाईमा भेटिएको छ । हिमाली क्षेत्रको १२ वटा संरक्षित क्षेत्रहरु तथा आसपासका क्षेत्रहरुमा करीब १२,८१५ वर्ग कि मि सम्भावित वासस्थान (potential habitat) पाइएको छ । यसको संख्याको वितरणको अवस्थाको आधारमा पूर्व कञ्चनजंघा देखि पश्चिम अपि नम्पा संरक्षण क्षेत्र सम्मको हिउँ चितुवाको वासस्थानलाई पश्चिमी भूपरिधि (Western Landscape), मध्य भूपिधि (Central Landscape) र पूर्वी भूपरिधि (Eastern Landscape) मा विभाजन गरिएको छ । विश्वमा यसको अनुमानित संख्या ३९२१ देखि ६२९० रहेको छ । नेपालमा ३०१ देखि ४०० संख्या सम्म रहेको अनुमान गरिएको छ र यसको घनत्व १.५ देखि ३.२ / १०० वर्ग कि मि पाईएको छ (SLCAP, 2017-2021) ।

मिति २०८०।१०।०९ गते उर्लाबरी वडा नं. १ मा पर्ने पूर्वमा चारघरेको पुच्छर, पश्चिममा लक्ष्मीझार, उत्तरमा झुम्रा गाउँ र दक्षिणमा तीनथोपे यति चारकिल्ला भित्र पर्ने चारघरे भन्ने स्थान (समुद्र सतह देखिको उचाई १४६ मि र GPS – 26.687617 N 87.624448) मा बाँसझ्याङ्गमा लुकी बसेको अवस्थमा एउटा वयष्क भाले हिउँ चितुवा फेला परेको र उक्त चितुवालाई शसस्त्र वन सुरक्षा शाखा, मंगलवारे, इलाका प्रहरी कार्यालय, उर्लाबारी, सव डिभिजन वन कार्यालय मंगलवारे मोरङ्ग, कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय सुनसरी र राष्ट्रिय प्रकृति संरक्षण कोष कोशीटप्पु संरक्षण केन्द्र, सुनसरीले संयुक्तरुपमा उद्धार गरी सदर चिडियाखाना जावलाखेल ललितपुरमा ल्याई पुर्याएको छ । उक्त हिउँ चितुवाले अगाडिको दाहिने खुट्टा टेक्न नसकेको बाहिरी कुनै किसिमको चोट नदेखिएको र अवस्था समान्य रहेको छ । पाटे बाघको वासस्थानको उचाईमा हिउँ चितुवा देखिनु अस्वभाविक र अध्ययन अनुसन्धानको विषय बनेको छ ।

श्याम कुमार शाह
सूचना अधिकारी एवं वरिष्ठ इकोलोजिष्ट